जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २६ २०७८ साल भदौ १ गते मंगलबार (17 Aug. 2021 Tuesday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अफगानिस्तानमा रहेका ... ३ पृष्ठमा : अफगानिस्तानमा दुई दशकपछि ... ३ पृष्ठमा इस्लामिक राष्ट्र घोषणा ...

# भारततर्फ तस्करी गरि लैजादै गरेको चाइनिज स्याउसहित एक पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

भारततर्फ तस्करी गरि लैजादै गरेको चाइनिज स्याउसहित एक जनालाई प्रहरीले सोमबार बिहान पक्राउ गरेको छ ।

प्रहरीले २५ कार्टुन चाइनिज स्याउसहित सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १२ निवासी ४० वर्षिय शिवम पण्डितलाई पक्राउ गरेको जनाएको छ ।

दुई वटा ठेलामा लोड गरि भारततर्फ लैजाँदै गरेको अवस्थामा गस्तीमा खटिएको प्रहरी टोलीले बिहान ३ बजेतिर सोही वडाको भारतीय सीमा नजिकैबाट पण्डितलाई पक्राउ गरेको हो ।

पक्राउ परेका पण्डितले आफू भरिया मात्र भएको र उक्त सामान मनोज मुखियाको भएको बताँएपछि प्रहरीले सोही वडास्थित मुखियाको घरमा समेत छापा मारेको थियो ।

सो क्रममा भारततर्फ चोरी निकासी गर्न ठिक पारिएको थप ६० कार्टुन स्याउ मुखियाको गाईगोठबाट बरामद गरेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् । बरामद स्याउको बजार मुल्य ३ लाख ४५ हजार मुल्याङ्कन गरिएको छ ।

आवश्यक कारवाहीका लागि सोमबारै बेल्हीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको उनको भनाई छ ।

# प्रदेश २ को प्रमुखमा हरिशंकर मिश्रा सिफारिस




**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**


प्रदेश २ को प्रमुखमा प्रदेश सरकारले हरिशंकर मिश्रलाई नियुक्तिको सिफारिस गरेको छ ।

तत्कालिन केपी ओली सरकारले प्रदेश २ को प्रदेश प्रमुखमा राजेश झा अहिराजलाई नियुक्त गरेको थियो ।

हरिशंकर मिश्र प्रदेश २ का चौथो प्रदेश प्रमुख हुन् । नेपाली

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय ....

# अव्यवस्थित बजार कहिले व्यवस्थित हुने

सप्तरी सदरमुकाम राजविराज नक्सामा केन्द्रित सहर हुँदा हुँदै पनि बजार भने अव्यवस्थित भएको छ। सहरको मूल सडकमा फोहरको थुप्रो, अव्यवस्थित पसल, नाला ढलको अभावमा बजार अव्यवस्थित भएको हो । सडकमै पसल र फुटपाथको स्थानमा समेत पसल लगाउने गरेकोले झन झन अव्यवस्थित सहरको रुपमा विकसित हुँदै गएको छ। यसका लागि सम्बन्धित निकायले पहल त गरिरहेको छ तर, कहिले हुने भने निकायलाई पनि थाहा छैन्

अहिले वर्षाको समयमा सबै सडकहरु जलमग्न तथा हिलाम्मे बनेको छ। यो पनि दशकौदेखीको बेथिती हो तर, हालसम्म यसप्रति ध्यान पुग्न सकेको छैन् । सडकका कारण स्थानियलाई निकै सास्ती व्यहोर्नु परिरहेको छ। तसर्थ यस्त समस्याहरु बारे सम्बन्धित निकायले आवश्यक पहल गरि समयमा निकास र भावि योजना तयार गर्नु अति आवश्यक रहेको छ। जसले राजविराज सहर अव्यवस्थितबाट बच्न सकोस् । दिन प्रतिदिन जनसंख्या बृद्धि तथा जनचेतनाको अभावले पनि यस्तो अवस्थामा पुगेको कुरा नकार्न सकिन्न् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# अफगानिस्तानमा रहेका नेपालीको उद्धारमा सरकारले थाल्यो प्रयास

काठमाडौं, ३२ साउन (रासस)।

सरकारले अफगानिस्तानमा रहेका नेपालीको सकुशल शीघ्र उद्धार गर्ने भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार भएको मन्त्रिपरिषद्को बैठकले अफगानिस्तानमा विकसित घटनाप्रति गम्भीर चासो जनाउँदै त्यहाँ रहेका नेपालीलाई तत्काल उद्धारको पहल गर्ने निर्णय गरेको हो। बैठकले अफगानिस्तानमा रहेका नेपालीको उद्धारका लागि नेपाल सरकारका सम्बन्धित निकायलाई समन्वयात्मक ढङ्गले काम गर्न निर्देशन दिने निर्णय गरेको सरकारका प्रवक्ता एवं कानून न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

प्रधानमन्त्री शेरबहादुर देउवाले सोमबार सामाजिक सञ्जालमार्फत अफगानिस्तानमा नेपालीको उपस्थिति र स्थितिको तथ्य लिन र आवश्यक स्थितिमा उद्धार प्रबन्ध मिलाउन आइतबार निर्देशन गरिसकेको जानकारी दिनुभएको छ।

उहाँले सुरक्षा र उद्धार प्रतीक्षा गरिरहेका नेपालीका लागि आवश्यक समन्वय र अभिभावकत्व सरकारको दायित्व भएको भन्दै सजकता र गम्भीरतापूर्वक सरकारले यो जिम्मेवारी निभाउने विश्वास दिलाउनुभएको छ।

अफगानिस्तानको विकसित घटनाका कारण त्यहाँ रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाई उनीहरुको उद्धार गर्न सरकारले शनिबार एक कार्यदल गठन गरेर काम अघि बढाइसकेको छ। परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुखहरु एवं अर्थ, गृह, श्रम तथा रोजगार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र कन्सुलर सेवा विभागका राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका सदस्य रहने गरी कार्यदल गठन गरिएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

रोजगारीका सिलसिलामा अफगानिस्तानमा रहेका नेपालीको वस्तुगत अवस्था यकीन गरी आवश्यक समन्वय तथा उद्धारका लागि मुख्यसचिव शङ्करदास बैरागीको कार्यकक्षमा शनिबार अन्तर मन्त्रालयको बैठक बसेको थियो। उद्धार प्रयोजनका लागि अफगानिस्तानमा रहेका नेपाली नागरिकको विवरण सङ्कलनका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा अनलाइन दर्ता गर्ने व्यवस्था गरिएको छ। अनलाइनमा आफ्नो नामसहितको विवरण उल्लेख गरी दर्ता गर्न सम्बन्धित व्यक्ति वा परिवारलाई आग्रह गरिएको छ।

यस्तै उद्धारका लागि भाइबर, ह्वाट्सएपसहितको मोबाइल नम्बर ९७४९३२६४५८ र ९७४९३२६४५९ को व्यवस्था गरिएको छ। आफ्नो अवस्थाका बारेमा जानकारी गराउन वा मन्त्रालयमा सम्पर्क गर्न बैठकले आग्रह गरेको छ।

काबुलस्थित विभिन्न मुलुकका कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा कार्यरत नेपालीको तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्न र स्वदेश फर्काउन सरकारले अमेरिका, बेलायत, क्यानडा, जर्मनी, युरोपेली सङ्घ, जापान तथा संयुक्त राष्ट्रसङ्घको कार्यालयलाई औपचारिक पत्राचार गरिसकेको छ।

अफगानिस्तनमा विकसित पछिल्लो घटनाक्रम तथा अवस्थाका बारेमा नयाँ दिल्लीस्थित नेपाली नियोगबाट ट्राभल एड्भाइजरी जारी गरिएको छ। आवश्यक सहयोगका लागि दूतावासको विभिन्न फोन तथा अन्य सम्पर्क नम्बरसमेत उपलब्ध गराइएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

त्यस्तै अफगानिस्तानमा वैदेशिक रोजगारीका लागि पठाउने म्यानपावर कम्पनीले त्यहाँ कार्यरत नेपालीको विवरण तथा उद्धार कार्यका लागि भरपर्दो सूचना एवं तथ्याङ्क उपलब्ध गराउनसमेत आग्रह गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले अफगानिस्तानमा रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाई उद्धारका लागि समन्वय गर्न सम्बन्धित सरकारी नियकाले समन्वय गरेर काम गरिरहेको जानकारी दिनुभयो। अहिलेसम्म कति नेपाल छन् भन्ने यकीन विवरण प्राप्त भइनसकेको उहाँले बताउनुभयो।

**निगमका वाइडबडी र न्यारोबडी जहाज काबुल उड्दै**

अफगानिस्तानमा रहेका नेपालीको उद्धारका लागि राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम( नेपाल एयरलाइन्स) को जहाज केही दिनभित्रै अफगानिस्तानको राजधानी काबुल उड्ने तयारीमा रहेको छ।

निगमका महाप्रबन्धक डिमप्रकाश पौडेलले निगमका नेपालीको उद्धारका लागि निगमका जहाज काबुल जाने तयारी अवस्थामा रहेको तर कहिले कसरी जाने भन्ने अझै यकीन भइनसकेको राससलाई जानकारी दिनुभयो।

उहाँका अनुसार निगमका दुई न्यारोबडी र एक वाइडबडी जहाजमार्फत दुई टिप गरेर नेपालीलाई स्वदेश फर्काइनेछ। अन्य गैरसरकारी संस्थाका कर्मचारीलाई भने निजी क्षेत्रका हवाई सेवा प्रदायकले दुबही हुँदै गन्तव्यमा उद्धार गर्ने जनाइएको छ।

महाप्रबन्धक पौडेलले पछिल्लो पटक अफगानिस्तानको विमानस्थलमा भिडभाड र अस्थिरता बढेकाले त्यहाँका कतिपय उडान रद्द गरेकाले उद्धारमा केही कठिनाइ हुनसक्ने बताउनुभयो।

"अहिले अफगानिस्तान विमानस्थल अवरुद्ध छ, स्थिति नियन्त्रणमा नआएपछि त्यहाँको हवाई प्रशासनले काबुललगायतका विमानस्थल बन्द गराएको छ। नेपाल सरकार नेपालीको उद्धारको नियमित सम्पर्कमा छ। नेपालीहरु सुरक्षित रहेको जानकारी प्राप्त भएका छन्। निगम उद्धारका लागि तम्तयार अवस्थामा छ", उहाँले भन्नुभयो।

सरकारले उद्धार गर्नुपर्ने सङ्ख्या यकीन हुनासाथ तत्काल त्यसतर्फ जाने प्रक्रिया आरम्भ गरिने र सोका लागि बढीमा पाँच दिन लाग्ने निगमको भनाइ छ। केही नेपालीलाई रोजगारदाता कम्पनीले नै उद्धार गर्ने बताइएको छ।

# कोशी करिडोर २२० केभी प्रसारण लाइनको निर्माण सकियो

काठमाडौं, ३२ साउन (रासस)।

पूर्वाञ्चल क्षेत्रमा निर्माण भएका जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोड्नका लागि महत्वपूर्ण मानिएको कोशी करिडोर प्रसारण लाइनको पहिलो खण्ड निर्माण सम्पन्न गरिएको छ।

कूल २२० केभी प्रसारण लाइन आयोजनाको पहिलो खण्ड निर्माण सम्पन्न भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। सुनसरीको इनरुवाबाट सङ्खुवासभाको तुम्लिङटारसम्मको कूल १०६ किलोमिटर २२० केभी डबल सर्किट क्षमताको प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि कोशी बेसिनमा निर्माण भएका जलविद्युत् आयोजनाले उत्पादन गर्ने बिजुली राष्ट्रिय प्रणालीमा जोड्न सकिने भएको हो।

सो प्रसारण लाइनमा कूल ३२६ टावर निर्माण सम्पन्न भएको छ। प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि अरुण र तमोर नदी जलाधार क्षेत्रमा निर्माण भएका आयोजनालाई राहत मिलेको छ। सो जलाधार क्षेत्रका झण्डै दुई हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनाको बिजुली सहजरुपमा प्रवाहका लागिसमेत पूर्वाधार तयार भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो। सो प्रसारण लाइन मङ्गलदेखि ३३ केभीमा सञ्चालन गरिनेछ।

इनरुवामा निर्माणाधीन २२० केभी क्षमताको सबस्टेशको निर्माण पूरा भएको छैन। निर्माण व्यवसायीले तोकेअनुसार काम गर्न नसक्दा सबस्टेशनको काम पूरा हुन सकेको छैन। सो सबस्टेशन निर्माण सम्पन्न नभएकाले तत्कालका लागि अस्थायीरुपमा प्रसारण लाइन ३३ केभीमा चार्ज गरिएको हो। त्यसबाट भोजपुर, सङ्खुवासभा र तेह्रथुममा निजी क्षेत्रका आयोजनाबाट उत्पादित विद्युत् प्रवाह गरिने कार्यकारी निर्देशक घिसिङको भनाइ छ। यसबाट बर्खाको समयमा त्यस क्षेत्रका आयोजनाले बेहोर्दै आएको प्रसारण लाइनको समस्या समाधान भएको प्राधिकरणको बुझाइ छ।

सङ्खुवासभाको तिरतिरेमा अहिले रहेको ३३ केभी लाइनलाई कोशी करिडोर प्रसारण लाइनमा जोडी सुनसरीको धरान उपमहानगरपालिका-१७ स्थित चतरा-धरान ३३ केभी लाइनमा जोडिनेछ। तिरतिरे-वसन्तपुर-धनकुटा-धरान ३३ केभी प्रसारण लाइनको क्षमताले नपुग्दा भोजपुर, सङ्खुवासभा र तेह्रथुममा सञ्चालित आयोजना बर्खाका समयमा समेत पूर्ण क्षमतामा चल्न सकिरहेका थिएनन्। आयोजनाको जडित क्षमता करिब ३३ मेगावाट छ।

सङ्खुवाभाको तुम्लिङटार तथा बानेश्वर र तेह्रथुमको वसन्तपुरमा गरी तीन सबस्टेसनको निर्माण गरिएको आयोजना प्रमुख राजन ढकालले जानकारी दिनुभयो। "निर्माण चरणमा विभिन्न अवरोध छिचोल्दै निरन्तरको प्रयासबाट सबैको साथ र सहयोगमा काम सक्न सफल भएका छौं", उहाँले भन्नुभयो, "निर्माणाधीन अन्य प्रसारण लाइन आयोजनाको तुलनामा ठूलो र लामो लाइन छिटो निर्माण सम्पन्न भएर रेकर्ड पनि कायम भएको छ।" आयोजना प्रमुख कार्यक्षेत्रमा नै बसेर समस्या समाधानका लागि पहल गरेका कारण पनि ठूलामध्येको एक कोशी करिडोर प्रसारण लाइन सम्पन्न भएकाले ऊर्जा उद्यमीले पनि खुसी व्यक्त गरेका छन्।

सर्वसाधारणलाई साधारण शेयर बिक्री गर्न लागेको खोरुङ्गा खोला जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तेह्रथुम पावरका प्रमुख मोहन डाँगीले प्रसारण लाइन सम्पन्न भएका कारण आफूहरुलाई राहत भएको प्रतिक्रिया दिनुभयो।

नेपाल सरकार, प्राधिकरण र भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा प्रदेश नं १ का भोजपुर, सङ्खुवासभा, तेह्रथुम र ताप्लेजुङमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न कोशी करिडोरको निर्माण गरिएको हो। प्राधिकरणले निजी क्षेत्रका २८ आयोजनाको ५१६ मेगावाट विद्युत् यही प्रसारण लाइनमा जोड्ने गरी खरिद सम्झौता (पिपिए) गरिसकेको छ। ती आयोजना निर्माणको विभिन्न चरणमा छन्।

करिडोरको पहिलो प्याकेजमा इनरुवा-वसन्तपुर-वानेश्वर-तुम्लिङटार २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको हो। यसको अनुमानित लागत तीन करोड ७५ लाख अमेरिकी डलर छ। दोस्रो प्याकेजमा इनरुवा, वसन्तपुर, वानेश्वर र तुम्लिङटारमा २२० केभीको सबस्टेसन निर्माण गरिएको छ। यो प्याकेजको अनुमानीत लागत दुई करोड ५३ लाख डलर छ।

तेस्रो प्याकेजमा वसन्तपुर-ढुंगेसाँघु (ताप्लेजुङ) ३५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको छ। एक सय ३२ टावर निर्माण गर्नुपर्ने यस खण्डको काम आगामी माघभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना प्रमुख ढकालले जानकारी दिनुभयो।

# अफगानिस्तानमा दुई दशकपछि तालिबानको पुनःआगमन



काठमाडौँ, ३२ साउन (रासस)।

अफगानिस्तानको सत्ता सन् १९९६ देखि २००१ सम्म तालिबान लडाकू समूहले कब्जामा लिएका थिए । सोभियत सङ्घ फर्किएपछि सन् १९९० को दशकमा कट्टरपन्थी धार्मिक अभियान तालिबान सुरु भएको थियो । दक्षिणपश्चिमबाट आफ्नो प्रभाव विस्तार गरेको तालिबानले १९९५ मा इराकसँग सीमा जोडिएको हेरात प्रान्त नियन्त्रणमा लिएका थिए । त्यसको एक वर्षमै राजधानी काबुल नियन्त्रणमा लियो र राष्ट्रपति बुरानुद्दिन रब्बानीलाई हटाएर शासन सत्ता हातमा लिएका थिए ।

इस्लामिक गणतन्त्र अफगानिस्तानलाई सरकारविरोधी तालिवानी लडाकूले धेरै वर्षदेखि युद्धभूमि बनाएका थिए । सन् २००१ देखि सुरु भएको तालिवानी लडाकूको हत्या-हिंसाको शृङ्खलाले अब विश्राम पाउला कि भन्ने आशामा जनता रहेका थिए । सन् २००१ अक्टोबर ७ बाट फेरि 'अफगान युद्ध' आरम्भ भएको थियो । अमेरिकाको न्युयोर्कस्थित विश्वप्रसिद्ध ट्विन टावर मा सन् २००१ को सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमण र आगलागीबाट सो टावर धराशायी भएपश्चात सो हमलाका दोषी मानिएका अल-कायदाका प्रमुख ओसामा बिन लादेनलाई खोज्न अफगानिस्तानमा अमेरिकी सेना भित्रिएका थिए ।

त्यसपछि सन् २००१ को डिसेम्बर २२ मा हमिद कारजाई अफगानिस्तानको अन्तरिम राष्ट्रपति हुनुभएको थियो । सन् २००१ को डिसेम्बरमा जर्मनीमा अफगानिस्तान सम्बन्धी भएको अन्तर्राष्ट्रिय सम्मेलनले अफगानिस्तानका प्रभावशाली राजनीतिज्ञहरु मध्येबाट हमिद काइजाइलाई छ महिनाको लागि अन्तरिम राष्ट्राध्यक्ष्य बनाइएको थियो । त्यसपछि उहाँको कार्यकाल २ वर्ष थपगरी २००४ सम्म अन्तरिम राष्ट्रपति बनाइएको थियो । सन् २००४ र २००९ मा भएको राष्ट्रपतीय निर्वाचनबाट उहाँ राष्ट्रपतिमा निर्वाचित भई २०१४ सेप्टेम्बरसम्म राष्ट्रपतिको रुपमा रहनु भयो । उहाँपछि अहिलेका राष्ट्रपति असरफ घानी २०१४ र २०१९ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो ।

प्रजातान्त्रिक प्रक्रियाबाट विश्वमा आफ्नो नाम स्थापित गराएको अफगानिस्तानमा पुनः तालिबान सशस्त्र लडाकू समूहको आगमन भएको छ । तालिबानले अफगान जनतालाई नडराउन भनिए पनि जनता डराएका छन् । विमानस्थलमा देश छोडी भाग्नेहरुको लाइन लामो छ । विश्वले नै अफगान जनतालाई यहाँबाट विदेश जान दिन तालिबानलाई आग्रह गरेका छन् । अमेरिका, बेलायत अष्ट्रेलियालगायत ६० देशले संयुक्त विज्ञप्ति निकाल्दै अफगान जनतालाई शरण दिन तयार भएको बताएका छन् ।

हाल अफगानिस्तानको प्रायः प्रान्तीय राजधानीलाई कब्जा गर्दै दुई दशकपछि तालिबानको पुनः आगमन भएको हो । अफगानिस्तानको एकपछि अर्को सहर तालिबानका लडाकू राजधानी काबुल कब्जा गरेपछि राष्ट्रपति असरफ घानीलगायत सरकारका उच्चस्तरीय व्यक्तिहरुले देश छाडेका छन् । राष्ट्रपति घानी सरकारसामु तालिबानसँग संघर्ष गर्ने वा आत्मसमर्पण गर्ने मात्र बाटो थियो । तालिबानले अफगानिस्तानको ३४ ओटा प्रान्तमध्ये प्रायः प्रान्तीय राजधानी आइतबारसम्म कब्जा गरिसकेका थिए । आइतबार दिउँसैदेखि तालिबानी लडाकूहरु राजधानी काबुल प्रवेश गरेका थिए । काबुलस्थित राष्ट्रपति कार्यालयमा नै तालिबान लडाकूहरु प्रवेश गरिसकेका छन् ।

अफगानिस्तानमा रहेका सबै अमेरिकी सेनालाई आउँदो ११ सेप्टेम्बरसम्म त्यहाँबाट घर फर्काउने घोषणा हालै अमेरिकी राष्ट्रपति जो बाइडेनले गर्नु भएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुसले २० वर्षअघि ह्वाइट हाउसको जुन हलबाट विश्वमा आतंकवाद विरुद्धको युद्धको घोषणा गर्नु भएको थियो, सोही हलबाट राष्ट्रपति जो बाइडेनले अमेरिकी सेना फिर्ता गर्ने घोषणा गर्नु भएको थियो । यसरी अमेरिकामा प्रवेश गरेका नेटो सैनिकलाई उनीहरु त्यहाँ पठाइएको २०औं वर्षगाँठ पारेर फिर्ता गर्न लागिएको थियो ।

यो घोषणाले अमेरिकी कूटनीतिक वृत्तमा नयाँ बहस शुरु भएको थियो । कतिपयले यसलाई विवादास्पद पनि भनेका थिए । आतंकवादका विरुद्धमा अफगानिस्तानमा के पर्याप्त सुरक्षा छ भन्ने प्रश्न पनि उठेको थियो । एकातर्फ अफगान सरकार तथा तालिबानबीचको शान्ति प्रक्रिया शुरु भएको भए पनि टुंगोमा पुग्न सकेको थिएन । यो शान्ति वार्ता सफल भएपछि अमेरिकी सेना फर्कने कुरामा सहमति भएको भए राम्रो हुने बताइएको थियो । तर त्यो सम्भव हुन सकेन । अमेरिकी सेना फर्काइएको ४५ दिनमा अफगान सरकार ढलेको छ ।

अमेरिकामा केही महिना मात्रअघि त्यहाँको अमेरिकी गुप्तचर एजेन्सीको प्रतिवेदनले अन्तर अफगान शान्ति सम्फौता विना नै सेना फर्काउँदा केही वर्षभित्र नै काबुलमा अहिलेको सरकार नरहने र यसले गर्दा फेरि देशमा अल कायदाको उदय हुन पनि सक्ने देखाएको थियो । अहिले सशस्त्र लडाकू समूह तालिबानको उदय भएको छ । वर्तमान राष्ट्रपति जो बाइडेन अफगानिस्तानमा सधैं युद्ध मात्र गरिरहने होइन भन्ने पक्षमा रहनुभएको थियो । त्यसैले पनि बाइडेनले सेनाको बर्हिगमनको समयसीमा अब नलम्ब्याउने बताउनु भएको हो ।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको समयमा तालिबानसँग सन् २०२१ को मे १ सम्म अमेरिकी सेना फर्काउनुपर्ने सहमति भएको थियो । ट्रम्पको यही सम्फौतालाई बाइडेनले निरन्तरता दिनु भएको हो । यस अवधिभित्र सेना फिर्ता नगरिए युद्ध सुरु हुन पनि सक्ने चेतावनी तालिबानले बारम्बार दिने गरेका थिए । अमेरिकी इतिहासमै अमेरिकी फौज कुनै मुलुकमा फण्डै २० वर्ष बसेको यो पहिलो घटना हो । कतिपयले अमेरिकी सेनाको अफगानिस्तानबाट फिर्ती भएसँगै तालिबानको विजयका रुपमा पनि लिएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानमा जारी रहेको युद्धको अन्त्यको घोषणा गर्दै त्यहाँ रहेका अमेरिकी सेना मे १ तारिखदेखि नै अमेरिकी फौज फिर्ता गर्ने प्रक्रिया शुरु गर्न भन्नु भएको थियो । सन् २००१ मा अमेरिकी हवाई हमला घोषणा गरिएको ह्वाइट हाउसको कक्षबाट उहाँले सो कुराको घोषणा गर्नु भएको थियो । उहाँले भन्नु भएको थियो(- यो अमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गर्ने बेला हो र यसै अनुसारको निर्णय हामीले अब गरिसकेका छौं । अमेरिकी अधिकारीहरूका अनुसार सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएको आतंकवादी हमलाको २० औं वार्षिकी पारेर सैनिकहरूलाई फिर्ता ल्याउन लागिएको हो । अमेरिकी राष्ट्रपति बाइडेनको यो घोषणासँगै सेप्टेम्बर ११ अघि नै सबै अमेरिकी सैनिकले अफगानिस्तान छाड्ने भएका थिए । बाइडेनको सो घोषणको बेलामा अफगानिस्तानमा नौ हजार ६०० नेटो सैनिक रहेका छन् ।

ती नेटो सैनिकमध्ये कम्तीमा पनि २ हजार ५०० जना अमेरिकी सेना रेहका छन् । तर पनि अफगानिस्तानमा रहेका अमेरिकी सैनिकको संख्या भने समय समयमा थपघट भइरहने गर्दछ । तर पनि अमेरिकी सञ्चारमाध्यमहरूले भने अहिले अफगानिस्तानमा रहेको अमेरिकी सेनाको कूल संख्या ३ हजार ५०० को नजिक रहेको जनाएका छन् ।

राष्ट्रपति बाइडेनले अफगानिस्तानमा २ हजार ४८८ जना अमेरिकी सेनाको यस लामो युद्धका क्रममा निधन भएको जानकारी पनि दिनु भएको थियो । साथै उहाँले यस युद्धका क्रममा २० हजार भन्दाबढी अमेरिकी सेना घाइते भएका पनि जानकारी दिनु भएको थियो । विदेशी सेनाले अफगानिस्तान छाडे पनि लडाइँ जारी राख्ने तालिबानले बताउँदै आएका थिए । सोही समयमा राष्ट्रिय गुप्तचर निकायले सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा तालिबान समूह आफूले सैन्य विजय हासिल गर्नसक्ने खतरा देखाएको थियो ।

अफगान नागरिकले युद्धबाट ठूलै क्षति व्यहोर्नु परेको छ र खासगरी अफगान महिलामा तालिबानको सक्रियता र उदयले थप त्रास उत्पन्न गराएको छ । अफगानिस्तानमा सुन्नी इस्लामको बाहुल्यता छ । तालिबान समूहलाई परास्त गर्न भन्दै एक दशकअघि अफगानिस्तानमा अमेरिकी सेनाको संख्या एक लाखको हाराहारीमा थियो । तर पूर्वराष्ट्रपति ट्रम्पको कार्यकालमा यो संख्या ३ हजार ५०० मा आइपुगेको छ ।

उता दक्षिण एसियाली देश अफगानिस्तानमा शान्ति सुरक्षा प्रदान गर्ने काममा खटिइरहेका नेटो सैनिकले सन् २०१४ को अन्त्यमा अफगानिस्तान छोडेपछि त्यहाँको सुरक्षा व्यवस्था कमजोर हुँदै गइरहेको पनि कतिपयको भनाई छ । सन् २००१ मा अमेरिकाको न्युयोर्कस्थित ट्वीन टावरमा अल कायदाको आतङ्कारी आक्रमणमा सयौं निर्दोष व्यक्ति मारिएपछि उक्त सञ्जालका नेता ओसामा बिन लादेनलाई खोजी गर्ने क्रममा अमेरिकी नेतृत्वमा नेटो सेना अफगानिस्तान प्रवेश गरेको थियो ।

मध्य तथा दक्षिण एसियाली क्षेत्रमा विगत कम्तीमा पनि दुई दशकभन्दा बढी समयदेखि अत्यन्त अशान्त रहेको देश अफगानिस्तानबाट सन् २०१४ को डिसेम्बर ३१ बाट नेटो आवद्ध प्रायः सैनिक फर्किएका थिए । नेटो सैन्य बलको फिर्तीसँगसँगै अफगानिस्तानमा मात्र नभएर दक्षिण एसियामा नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भोलिको अफगानिस्तानको सुरक्षा अवस्थालाई लिएर चिन्ता छाएको थियो । आज आएर अफगानिस्तानलाई लिएर विश्वको यो चिन्ता सत्यतामा परिणत भएको छ ।

युद्ध सकिएको तथा देशको सुरक्षा अब अफगानिस्तानी सेना स्वयंले गर्न सक्ने नेटो सैन्यबल फर्किए पनि त्यहाँ केही अमेरिकी सेनालाई थप केही समय फिर्ता नलग्ने निर्णय गरिएको थियो । ती सैनिकलाई युद्ध गर्न मैदानमा भने नखटाइने तर अफगानिस्तानी सैनिकलाई युद्धकला सम्बन्धी तालिम, सल्लाह र सहयोग मात्र गरिने घोषणा भएको थियो । अफगानिस्तानबाट अमेरिकी सैनिक फिर्ता भएको ४५ दिनमा तालिबान लडाकूले यता देशै कब्जा गरेका छन् ।

## विश्व समाचार

### इस्लामिक राष्ट्र घोषणा गर्ने तालिवानको तयारी

काबुल, ३२ साउन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुल त्यहाँका सशस्त्र विद्रोही तालिबानीहरुले कब्जामा लिएका छन् । उनीहरु आइतबार साँफ राजधानी काबुल प्रवेश गरेका हुन् ।

त्यसलगत्तै उनीहरुले यहाँका राष्ट्रपतिको निवास पनि कब्जा गरेका छन् । त्यसको केही क्षणअघि राष्ट्रपति अशरफ घानीले देश छोड्नुभएको बताइएको छ ।

उहाँ देश छोडेर कहाँ जानुभएको हो भन्ने विषयमा केही बताइएको छैन । यस विषयमा अफगानिस्तानको सरकारले पनि केही भनेको छैन ।

अफगानिस्तानको नेशनल रिकन्सिलिएसन काउन्सिलका प्रमुख अब्दुल्लाह अब्दुल्लाहले आफ्नो फेसबुक पेजमा राष्ट्रपति घानीले देश छोडेका भन्दै त्यसको भिडियो पोष्ट गर्नुभएको छ ।

अफगानिस्तानका राजधानीतर्फ तालिवानी विद्रोहीहरुले प्रवेश गरेपछि अफगानिस्तानका गृहमन्त्रीले अफगान सरकार शान्तिपूर्णरुपमा तालिबानीहरुलाई सत्ता हस्तान्तरण गर्न तयार रहेको बताउनुभएको छ ।

तर त्यसअगावै राष्ट्रपति घानीले देश छोड्नुभएको बताइएको छ । आइतबार राति नै तालिबानीहरु काबुलस्थित राष्ट्रपति निवासमा प्रवेश गरेका छन् । उनीहरुले आइतबार राति राष्ट्रपति कार्यालय र निवास कब्जामा लिएको जानकारी गराएका छन् ।

आइतबार रातिदेखि नै राष्ट्रपति निवासमा अफगान सरकार र तालिबानीका प्रतिनिधिहरुबीच शुरु भएको वार्ता सोमबार बिहानसम्म जारी रहेको बताइएको छ ।

सो वार्तामा तालिबानीहरुलाई वैधानिकरुपमा सत्ता हस्तान्तरण गर्ने विषयमा कुराकानी भइरहेको अनुमान गरिएको भए पनि यस विषयमा सरकारकोतर्फबाट कुनै प्रतिक्रिया आएको छैन ।

उता तालिबानीहरुले भने अब छिट्टै तालिबानीहरुले अफगानिस्तानको सत्ता सम्हाल्ने बताएका छन् । उनीहरुले अब छिट्टै इस्लामिक राज्य स्थापनाको घोषणा गर्ने बताएका हुन् ।

तालिबानहरुले आफ्ना लडाकूहरुलाई राजधानी काबुल प्रवेश गर्न अनुमति दिएका थिए । त्यसपछि आइतबार साँफ नै उनहरु काबुल आएका हुन् ।

यहाँ हिंसा हुने खतराले गर्दा राति ९ बजेदेखि बिहानसम्म कर्फ्यू आदेश जारी गरिएको बताइएको छ ।

आइतबारदेखि सोमबार बिहानसम्म पनि अफगानिस्तानबाट विभिन्न देशहरुले आफ्ना नागरिकलाई स्वदेश फर्काएका छन् ।

त्यसैगरी अफगानिस्तानका कैयौं विदेश नागरिक आफैं पनि आफ्ना देश फर्किरहेका छन् । उता तालिबानहरुले भने कसैसँग बदला नलिने भन्दै आफूहरुसँग नडराउन भनिरहेका छन् ।

### अफगानिस्तानका विषयलाई लिएर ट्रम्पद्वारा बाइडेनको राजीनामा माग

वासिङटन, ३२ साउन (रासस/एएनआई)।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले वर्तमान राष्ट्रपति जो बाइडेनको राजीनामा माग्नुभएको छ ।

अफगानिस्तानबाट असरफ घानी नेतृत्वको सरकार परास्त हुनुमा बाइडेन प्रशासन जिम्मेवार रहेको भन्दै उहाँले बाइडेनको राजीनामा माग्नुभएको हो ।

अफगानिस्तानमा शान्तिपूर्ण र सफलतापूर्वक घानी सरकारलाई टिकाइराख्न र तालिबान लडाकूहरुलाई पराजित गर्न बाइडेन प्रशासन असफल भएको ट्रम्पको भनाइ छ ।

आइतबार जारी गरेको वक्तव्यमा ट्रम्पले लेख्नुभएको छ, "अफगानिस्तानमा देखिएको असफलताका कारण अब बाइडेनले राजीनामा दिनुपर्ने बेला आएको छ ।"

अफगानिस्तानमा अहिले जे भइरहेको छ, त्यो सबैको दोषी बाइडेन प्रशासन नै भएको ट्रम्पको आरोप छ । आफू यो कार्यकालका लागि पनि राष्ट्रपतिमा निर्वाचित भएको भए अफगानिस्तानमा यस्तो अवस्था नआउने आशय पनि उहाँले व्यक्त गर्नुभएको छ ।

अफगानिस्तानका राष्ट्रपति घानीले देश छोडेको र तालिबान लडाकूहरुले सत्ता कब्जा गरेको थाहा पाउनासाथ ट्रम्पले यस्तो वक्तव्य जारी गर्नुभएको हो ।

तालिवान विद्रोहीहरु देशको केन्द्रीय राजधानी काबुल प्रवेश गरेपछि उहाँले देश छाड्नुभएको हो । देश छाडेपछि उहाँले थप रक्तपात हुन नदिन र अरु लाखौंको मृत्यु हुने घटनाबाट जोगाउनका लागि आफूले शान्तिपूर्ण तरिकाले देश छोडेको स्पष्ट पार्नुभएको छ ।

स्रोतका अनुसार अब तालिबान लडाकूहरुका तर्फबाट अली अहमद जलाली देशको अन्तरिम राष्ट्रपति बन्नुहुनेछ । तालिवान लडाकूहरुले १० दिनको अवधिमा अफगानिस्तानका प्रमुख शहर नियन्त्रणमा लिएका छन् । उनीहरुले नयाँ सरकार गठनका लागि आन्तरिक गृहकार्य गरिरहेको जनाएको छ ।

# सर्वोच्चले उपेन्द्र यादव पक्षको जसपालाई नै दियो आधिकारिता

**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

सर्वोच्च अदालतले जनता समाजवादी पार्टीको आधिकारिकता उपेन्द्र यादव पक्षलाई दिएको छ । अदालतले निर्वाचन आयोगको निर्णयलाई नै कायम गरेको हो ।

महन्थ ठाकुरले दिएको रिटमा सुनुवाई गर्दै न्यायाधीश दीपककुमार कार्की र आनन्दमोहन भट्टराईको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको अधिवक्ता दीपक राईले जानकारी दिए ।

जनता समाजवादी पार्टीमा विवाद भएपछि उपेन्द्र यादव पक्षले पार्टीमा आधिकारिकताको दावी गर्दै निर्वाचन आयोगमा निवेदन दिएको थियो ।

आयोगले गत साउन ११ गते सबै केन्द्रीय सदस्यलाई बोलाएर सनाखत गर्दा ५१ सदस्यीय कार्यकारिणी समितिका ३४ जनाले उपेन्द्र यादव पक्षलाई समर्थन गरेका थिए भने महन्थ ठाकुर पक्षमा १६ जना देखिएका थिए । त्यस्तै रेशम चौधरी तटस्थ बसेका थिए ।

बहुमत सदस्यले समर्थन गरेपछि आयोगले जनता समाजवादी पार्टीको आधिकारिकता उपेन्द्र यादव पक्षलाई दिएको थियो भने महन्थ ठाकुर पक्षले कानुन अनुसार अर्को दल खोल्न सक्ने निर्णय गरेको थियो ।

आयोगको उक्त निर्णयविरुद्ध ठाकुरले सर्वोच्च अदालतमा रिट दिएका थिए र आयोगको निर्णय कार्यान्वयन रोक्न अन्तरिम आदेश माग गरेका थिए । तर सर्वोच्च अदालतले आयोगको निर्णयले निवेदकलाई तत्कालै अपूरणीय क्षति पुग्ने नदेखिएको भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

### *प्रदेश २ को ...*

काँग्रेसका महोत्तरी जिल्लाका नेता पूर्व सांसद मिश्रको जन्म महोत्तरीको पिपरा गाउँपालिकामा २००२ सालमा भएको थियो ।

५९ वर्षदेखि राजनीतिमा सक्रिय रहेका मिश्र विपी कोइरालाका समकक्षीसमेत रहेका काँग्रेस नेता रामनारायण मिश्रका छोरा हुन् । रामनारायण मिश्र वीपीले ०१६ सालमा नेतृत्व गरेको सरकारमा उद्योग मन्त्री थिए ।

## गाजासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३२ साउन ।**

सिरहाको लहान नगरपालिकाबाट लागूऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा लहान नगरपालिका १७ गोबिन्दपुर बस्ने ४० बर्षीय बागेश्वर चौधरी छन् ।

सोमबार दिउँसो खानतलासी गर्दा चौधरीले घरमा लुकाइरहेको १० किलो गाँजा फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको सिरहा प्रहरीले जनाएको छ ।

गाँजासहित चौधरीलाई इलाका प्रहरी कार्यालय लहानको नियन्त्रणमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# तीन हजार ४ सय ५१ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

पछिल्लो २४ घण्टामा ३ हजार ४ सय ५१ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने ३५ जनाको मृत्यु भएको छ । यस्तै २ हजार ४ सय ५८ जना निको भएका छन् ।

१० हजार ९३ पीसीआर परीक्षण गर्दा २ हजार ५६६ जना र ५ हजार ५१८ एन्टिजेन परीक्षण गर्दा ८८५ गरी ३ हजार ४५१ जनामा कोरोना भाइरसको संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सोमबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ७ लाख ३४ हजार ८३८ पुगेको छ । योसँगै नेपाल मृत्यु हुनेको संख्या १० हजार ३२७ पुगेको छ भने ६ लाख ८५ हजार १४० जना संक्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या ३९ हजार ३७१ जना रहेका छन् । जसमध्ये ३६ हजार ३७ जना होम आइसोलेसनमा रहेका छन् भने ३ हजार ३३५ जना संस्थागत आइसोलेसनमा रहेका छन् ।

# विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं, ३२ साउन (रासस) ।

नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङलाई नियुक्त गर्ने सरकारको निर्णयविरुद्ध हितेन्द्रदेव शाक्यले सोमबार सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको छ ।

मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायतलाई विपक्षी बनाई शाक्यको वारिसका रूपमा प्रेमकुमार काफ्लेले उक्त रिट निवदन दायर गर्नुभएको हो । रिट निवेदनमा भनिएको छ, "मेरो सहमतिबेगर मलाई जल तथा ऊर्जा आयोगको विज्ञ सदस्य पदमा नियुक्त गर्ने र कुलमान घिसिङलाई मेरो पदाधिकार नटुटेको र कायम रहेको प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णयबाट मेरो उक्त पदमा रही काम गर्ने मेरो अधिकारमा आघात पुगेको छ ।"

रिट निवेदनमा यही साउन २५ गतेको मन्त्रिपरिषद्को निर्णय र सो निर्णयका आधारमा भएका पत्रचार कार्यान्वयन नगर्न आदेश गरी आफूलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा काम गर्न दिलाउन अन्तरिम आदेशको माग गरिएको छ । प्राधिकरणको कार्यकारी निर्देशकमा आफूलाई चार वर्षको नियुक्ति दिएको हुनाले सरकारले हटाउन नसक्ने र आफूलाई अन्यत्र पद सिर्जना गरी नियुक्त गर्न नमिल्ने रिट निवेदनमा उल्लेख छ । अदालतमा उक्त रिट निवेदनको बुधबार सुनुवाइ हुनेछ ।

यही साउन २४ गतेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको थियो भने साउन २७ मा नियुक्तिपत्र बुझेलगत्तै घिसिङले काम सुरु गर्नुभएको थियो ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*